# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४६) काठमाडौं, पुस १० गते२०५३साल (अतिरिक्ताङ्क (५०ख+१)


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराजबाट प्रधान न्यायाधीश श्री सुरेन्द्रप्रसाद सिंह मित्रराष्ट्र बङ्गलादेशको ढाकामा पाँचौं सार्क ल कन्फरेन्स सँगसँगै पुस १२ गतेदेखि १४ गतेसम्म सम्पन्न हुने सार्क प्रधान न्यायाधीशहरूको दोश्रो सम्मेलनमा भाग लिन बङ्गलादेशको प्रधान न्यायाधीशको निमन्त्रणामा यही पुस १० गते त्यसतर्फ प्रस्थान गरी १३ गते स्वदेश फर्कनु हुने र सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश श्री त्रिलोकप्रताप राणा पनि सोही सम्मेलनमा भाग लिन जानु हुने भएकोले सर्वोच्च अदालतका न्यायाधीश श्री ओमभक्त श्रेष्ठलाई नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम कायम मुकायम प्रधान न्यायाधीश भई काम काज गर्न तोकिबक्सेको छ ।

### सूचना २

माननीय स्वास्थ्य मन्त्री श्री अर्जुननरसिंह के. सी. निजी कामको सिलसिलामा २०५३ साल पुस १० गते भारतको नयाँदिल्लीतर्फ जानुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको स्वास्थ्य मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय कानन तथा न्याय मन्त्री श्री भीमबहादुर तामाङले सम्हाल्नु हनेछ ।

हुकुम बक्से बमोजिम,

पशुपतिभक्त महजन

श्री ५ महाराजाधिराजका सचिव


मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।